# लोक सेवा आयोगबाट लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षा सम्बन्धी नेपाल आयल निगम लिमिटेडको सूचना

**सूचना नम्बर : ७/२०८०-८१**

**(गोरखापत्रमा प्रकाशित मिति : २०८०।८।१५)**

यस निगममा रिक्त रहेका देहाय बमोजिमका पदहरू खुला प्रतियोगिताद्वारा छनोट गरी स्थायी रूपमा पूर्ति गर्नका लागि इच्छुक योग्य नेपाली नागरिकहरूबाट https://erecruitment.nepaloil.org.np/users/login मा गई online मार्फत यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ दिनभित्र र दोब्बर दस्तुर तिरी म्याद सकिएको मितिले ७ दिनभित्र दरखास्त फाराम पेस गर्नुहुन आह्वान गरिएको छ। दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत जानकारी उक्त वेबसाइटमा दिइएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | पद/तह | सेवा/समूह | विज्ञापन नं. | खुला/ समावेशी | माग पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | प्रबन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | ५१/२०८०-८१ | महिला | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त। |
| २. | उपप्रबन्धक (सी.ए.)/तह ७ | अप्राविधिक/लेखा | ५२/२०८०-८१ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्स उत्तीर्ण। |
| ३. | सहायक प्रबन्धक (प्रशासन)/तह ६ | अप्राविधिक/प्रशासन | ५३/२०८०-८१ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| | | | ५४/२०८०-८१ | मधेशी | १ | |
| ४. | सहायक प्रबन्धक (लेखा)/तह ६ | अप्राविधिक/लेखा | ५५/२०८०-८१ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, जनप्रशासन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्रमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण। |
| | | | ५६/२०८०-८१ | आ.ज. | १ | |
| | | | ५७/२०८०-८१ | मधेशी | १ | |
| ५. | सहायक प्रबन्धक (सिभिल)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ५८/२०८०-८१ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ६. | सहायक प्रबन्धक (पेट्रोलियम)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ५९/२०८०-८१ | खुला | १ | |
| ७. | सहायक प्रबन्धक (कम्प्युटर/आई.टी.)/तह ६ | प्राविधिक/विविध | ६०/२०८०-८१ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| ८. | वरिष्ठ सहायक (प्रशासन)/तह ५ | अप्राविधिक/प्रशासन | ६१/२०८०-८१ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |
| ९. | वरिष्ठ सहायक (लेखा)/तह ५ | अप्राविधिक/लेखा | ६२/२०८०-८१ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |
| | | | ६३/२०८०-८१ | महिला | १ | |
| १०. | वरिष्ठ सहायक (इलेक्ट्रिकल)/तह ५ | प्राविधिक/इन्जिनियरिङ | ६४/२०८०-८१ | मधेशी | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |
| ११. | वरिष्ठ सहायक (ल्याव)/तह ५ | प्राविधिक/ल्याव | ६५/२०८०-८१ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिस्ट्री विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण। |
| | | | ६६/२०८०-८१ | पि.क्षे. | १ | |
| १२. | सहायक (ल्याव)/तह ४ | प्राविधिक/ल्याव | ६७/२०८०-८१ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिस्ट्री विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण। |
| | | | ६८/२०८०-८१ | आ.ज. | १ | |
| १३. | सहायक (मिस्त्री-मेकानिकल)/तह ४ | प्राविधिक/इन्जिनियरिङ | ६९/२०८०-८१ | खुला | १ | T-SLC, एस.एल.सी.वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण र मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट मेकानिकल सम्बन्धी कम्तीमा एक वर्ष तालिम अथवा मेकानिकल कार्यको ३ वर्षको अनुभव। |
| १४. | टेक्निसियन/ तहविहीन | प्राविधिक/इन्जिनियरिङ | ७०/२०८०-८१ | खुला | ५ | T-SLC परीक्षा वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण गरी सम्बन्धित विषयमा ६ महिनाको तालिम वा सम्बन्धित क्षेत्रमा दुई वर्षको कार्य अनुभव प्राप्त गरेको। |
| | | | ७१/२०८०-८१ | महिला | २ | |
| | | | ७२/२०८०-८१ | आ.ज. | १ | |
| | | | ७३/२०८०-८१ | मधेशी | १ | |

**विज्ञापन सम्बन्धी विशेष सूचना :**

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानुनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

**नोट :**

१. उपर्युक्त अनुसार सबै पदहरूको परीक्षा केन्द्र काठमाडौंमा हुनेछ। सबै पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट लिइनेछ। लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट प्राप्त भए पश्चात् प्रकाशन गरिनेछ।

२. उमेरको हदमा दरखास्त दिने अन्तिम मितिसम्म तहविहीन, तह ४ र ५ को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको एवं तह ६, ७ र ८ को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। तर महिला एवं अपाङ्ग उम्मेदवारको हकमा भने दरखास्त दिने अन्तिम मितिसम्म उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्नेछ। तर निगमको सेवाको पदमा स्थायी बहालवाला कर्मचारीलाई उमेरको हद लाग्नेछैन।

३. दरखास्त दिने उम्मेदवारका लागि परीक्षा दस्तुर : तह ८, ७ र ६ का लागि रु. १,०००।-, तह ५ का लागि रु. ४००।-, तह ४ का लागि रु. ३००।- र तहविहीनका लागि रु. २००।- रहेको छ तर एउटै पदका लागि १ भन्दा बढी समावेशीमा दरखास्त दिने भएमा प्रति समावेशी तह ६ का लागि रु. ४००।-, तह ५ का लागि रु. २००।-, तह ४ का लागि रु. १५०।- र तहविहीनका लागि रु. १००।- थप परीक्षा दस्तुर रकम बुझाउनुपर्नेछ।

४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन।

५. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

६. पाठ्यक्रम निगमको वेबसाइट www.noc.org.np बाट हेर्न सकिनेछ।

७. दरखास्त साथ आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्मका प्रमाणित प्रमाणपत्रहरू पेस गर्नुपर्नेछ।

८. समावेशी समूहको आवेदनको हकमा सम्बन्धित निकायबाट प्रमाणित कागजात पेस गर्नुपर्नेछ।

९. इन्जिनियरिङ समूहको तह ६ र सोभन्दा माथिका पदहरूका लागि इन्जिनियरिङ परिषद्‌मा दर्ता भएको प्रमाणपत्र र चार्टर्ड एकाउन्टेन्ट पदका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्य बनेको प्रमाणपत्र पेस गर्नुपर्नेछ।

१०. निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ (१०) बमोजिम निगमको सेवामा एक पटक आरक्षणको सुविधा उपभोग गरिसकेका कर्मचारीहरूले पुनः कुनै पनि आरक्षण सुविधा प्राप्त गर्न सक्नेछैन। साथै, कार्यरत कर्मचारीहरूले आरक्षण सुविधा लिए/नलिएको व्यहोरा स्वयं घोषणा गर्नुपर्नेछ।

११. अनलाइन दरखास्त फाराम भर्ने सम्बन्धी विस्तृत विवरण निगमको उक्त वेबसाइटमा राखिएको छ। यस सम्बन्धमा कुनै समस्या भएमा प्राविधिक सहयोगका लागि मोबाइल नं. ९८०२२६६००१ वा ९८०२२६६००५ मा सम्पर्क गर्न सकिनेछ।

पदपूर्ति समिति

**नेपाल आयल निगम लिमिटेड**